## ग्लोबल आइएमई बैंक लिमिटेडको
## १९ औं वार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण

## (माईन्यूट)

१. **बैधानिक सभाः**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको १९ औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा निम्न मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८२ साल कार्तिक २६ गते बुधवार (तद्नुसार १२, नोभेम्बर २०२५)

स्थान : नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।

समय : बिहान १०.०० बजे ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार १९ औं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही ब्यहोराको सूचना मिति २०८२/०६/३० गतेको अन्नपुर्णपोष्ट राष्ट्रिय दैनिक तथा मिति २०८२/०६/३१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो । सो सुचनासंगै कम्पनी ऐन २०६३ को दफा ८४ (४) बमोजिम आर्थिक वर्ष २०८१/८२ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषयहरु :**

(क) **सामान्य प्रस्तावः**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।



Global IME Bank Limited Corporate Office

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने ।

३) बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्लोबल आइएमई सेक्यूरिटिज लि. समेतको आ.व २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तिय विवरण (Consolidated Financial Statement) पारित गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को मुनाफा समेतबाट चुक्ता पुँजीको ८ प्रतिशत नगद लाभांश (कर सहित) स्वकृित गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/८३ को लेखापरीक्षण कार्यका लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१) बैंकको प्रबन्धपत्र/नियमावलीमा व्यवसायिक उद्देश्यहरु थप वा संशोधन गर्ने र सोमा नियमनकारी निकायहरुबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**५. उपस्थिति :**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालक (हरु)**

| | |
|---|---|
| १. श्री चन्द्र प्रसाद ढकाल | अध्यक्ष |
| २. श्री राधेश पन्त | सञ्चालक |
| ३. श्री राम बहादुर भण्डारी | सञ्चालक |
| ४. श्री कृष्ण प्रसाद शर्मा | सञ्चालक |
| ५. श्री मदन लाल जोशी | सञ्चालक |
| ६. श्री नारायण प्रसाद पौंडेल | सञ्चालक |

**५.२ अन्य उपस्थिति :**

१. श्री दिवस राई, सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ

**५.३ बैंकको उच्च तहको पदाधिकारीको उपस्थिति :**

| | |
|---|---|
| १. श्री सुरेन्द्र राज रेग्मी | प्रमुख कार्यकारी अधिकृत |

२. श्री बिमल डाँगा — सहायक प्रमुख कार्यकारी अधिकृत
३. श्री चन्द्र राज शर्मा — सहायक प्रमुख कार्यकारी अधिकृत
४. श्री कल्याण बिक्रम पाँडे — सहायक प्रमुख कार्यकारी अधिकृत
५. श्री बुद्धि अकेला — नायव महाप्रवन्धक
६. श्री भवानी ढकाल — नायव महाप्रवन्धक
७. श्री दिपचन्द्र रेग्मी — नायव महाप्रवन्धक
८. श्री रन्जन कुमार थापा — नायव महाप्रवन्धक

**५.४ आमन्त्रीत :**

१. श्री सुनिर कुमार ढुंगेल, एफ.सि.ए, प्रवन्ध साझेदार, एस्.ए.आर.एसोसिएट्स, चार्टड एकाउन्टेन्ट्स ( बाह्य लेखापरीषक)

**५.५ शेयरधनीहरुको उपस्थिति :**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : १,४९४
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : ७३७
३. जम्मा उपस्थित संख्या : २,२३१

**६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| शेयर तथा शेयरधनी | जम्मा शेयर संख्या | उपस्थित (शेयरधनी) | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या ( स्वयं तथा प्रतिनिधि) | जम्मा शेयर संख्या (स्वयं तथा प्रतिनिधि मार्फत) |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयम | प्रतिनिधि मार्फत | | |
| कुल शेयर संख्या | ३८,११,५८,५२६.१५ | १,४९४ | ७३७ | ६,११,१६,१७०.५३ | १३,३९,८९,०२८.१७ | २,२३१ | १९,५१,०५,१९८.७० |
| संस्थापक शेयरधनी समूह | १९,५३,०१,४०४.४९ | ८१ | २९५ | ४,२९,७९,८७५.१४ | ८,५६,५२,७२२.६२ | ३७६ | १२,८६,३२,५९७.७६ |
| सर्व साधारण शेयरधनी | १८,५८,५७,१२१.६ | १,४१३ | ४४२ | १,८१,३६,२९५.३९ | ४,८३,३६,३०५.५५ | १,८५५ | ६,६४,७२,६००.९४ |

| समूह | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुल प्रतिशत | | | | | | | ५१.१८ |

७. **सभाको बैधानिकताः**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान रहेकोमा बैंकको १९ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या २२३१ भएको र कुल शेयरको ५१.१८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा प्राबधान भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने ब्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि बिहानको १०.०० बजे अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूले बैंकको १९ औं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भयो । उपस्थित सम्पुर्णले उठेर राष्ट्रिय गान गाउनुको साथै, अध्यक्षज्यूले पानसमा दिप बालेर सभाको शुभारम्भ गर्नु भयो ।

अध्यक्षज्यूले पानसमा दिप बालेर सभाको शुभारम्भ गरिरहेको समयमा बैंकका शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी (काष्यप) ले मंगलधुन सहित स्वास्ति वाचन सहित उहाँले बैंकको नाम ग्लोबल भएजस्तै यसको व्यवसायीक ख्याति, व्यवसायिक सञ्जाल तथा सेवाग्राहीहरु समेत बिश्वभर (ग्लोबल्ली) फैलिदै जाओस् । धन धान्यकी देवी माता लक्ष्मी सदैव दाहिने रहुन् । बैंक पुर्णबाट भरीपुर्ण हुदै जाओस् भन्ने शुभ आर्शिवचन प्रदान गर्नु भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुति

अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२, आषाढ मसान्त सम्मको रु. ६,८८,०८,०३,९७,९९९/-को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात र रु. ७,२३,३१,७२,७२३/-को कुल संचालन मुनाफा र आयकर पश्चात खुद मुनाफा रु.५,०७,६३,०३,८९५/- रहेको आ.व. २०८१/८२ को नाफा/नोक्सानको एकिकृत विवरण तथा सो मध्ये साधारण जगेडा कोष बापत रु.१,०१,५२,६०,७७९/-, सटही घटबढ कोष बापत रु. २८,०६,२५८/-, ऋणपत्र भुक्तानी कोष बापत रु. ६२,७७,७७,७७८/-, कर्मचारी प्रशिक्षण तथा दक्षता अभिवृद्धि कोष बापत रु.३,१२,००,४०७/-विनियोजन गरी संस्थागत सामाजिक उत्तरदायित्व कोष बाट रु.५,६५,८४,७७५/- र नियामक कोषबाट रु

५७,९३,९९,९९७/- संचित मुनाफामा फिर्ता गरी बाँकी रहेको संचित मुनाफा, गत वर्षको संचित मुनाफा उपयोग गरी वार्षिक साधारण सभाको स्वीकृती पश्चात वितरण हुने गरी ८.०० प्रतिशत नगद लाभांश वापत रु. ३,०४,९२,६८,२०९/२८ को लाभांश वितरण गर्ने तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. ५२,६८,८९,७४,२८७/- भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान विवरण सहितको प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**९. छलफलको लागि आब्हान र शेयरधनी महानुभावहरु :**

९.१ बैंकको आ.व. २०८१/८२ को वार्षिक प्रतिबेदन, २०८२ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०८१/८२ को नाफानोक्सान हिसाव तथा नगद प्रवाह बिवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु राख्नु भयो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री जगन्नाथ आचार्य
२. श्री उत्तम दत्त पाण्डे
३. श्री रामचन्द्र पोखरेल, प्रतिनिधि कर्मचारी संचयकोष
४. श्री भेषराज भण्डारी
५. श्री ब्यास कुमार शर्मा
६. श्री सुदिप श्रेष्ठ
७. श्री शत्रुघन श्रेष्ठ
८. श्री ब्रम्हदेव शाक्य
९. श्री इन्द्र प्रसाद लामिछाने
१०. श्री गोविन्द के.सी.
११. श्री चन्द्र नारायण श्रेष्ठ
१२. श्री भक्ति प्रसाद उप्रेती
१३. श्री उद्धव प्रसाद घिमिरे
१४. श्री गुणराज भट्ट
१५. ई. श्री बैजुनाथ रौनियार
१६. श्री ध्रुवराज न्यौपाने

१७. श्री नुतन ढुंगाना

१८. श्री संजय अधिकारी

१९. श्री तारानाथ लुईटेल

२०. श्री रोज कुमार श्रेष्ठ

२१. श्री मेजर कुवेर श्रेष्ठ

२२. श्री विरोचन श्रेष्ठ

२३. श्री उत्सव श्रेष्ठ

२४. श्री निरुपमा गुप्ता

२५. श्री ऋषिराम गौतम

२६. श्री लभराज जोशी

२७. श्री सन्दिप अग्रवाल

२८. श्री जिवनलाल ब्रजाचार्य

२९. श्री इन्द्रकृष्ण श्रेष्ठ

३०. श्री बिष्णु बराल, प्रतिनिधि राष्ट्रिय कृषि कम्पनी नेपाल लि.

३१. श्री नरसिंहलाल चखूँ (लिखित सुझाव)

३२. श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित सुझाव)

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा ब्यक्त गर्नु भएका सराहना :**

शेयरधनीहरुले आ-आफ्नो मन्तव्य राख्ने क्रममा बैंकको १९ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो । बैंकका अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत लगायत उच्च व्यवस्थापनमा समेत योग्य र अनुभवी व्यक्तित्वहरु रहनु भएको भन्दै बैंकको व्यवसायिक भविष्य उज्वल रहेको विश्वास प्रकट गर्नुभयो । सञ्चालक समितिबाट प्रस्तुत बैंकको १९ औं वार्षिक प्रतिबेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएका कार्यहरुको मुल्याङ्कन गरी राम्रा कामहरुको प्रसंशा गर्दै कमी कमजोरीहरु सुधारको लागि सुझाव दिनु भयो । वित्तीय क्षेत्रको समस्या एवं सम्भावित जोखिम पहिचान गरी सोको न्यूनीकरण गर्दै बैंकको प्रतिस्पर्धी क्षमतालाई अभिबृद्धि गर्ने र व्यवसायको नयाँ नयाँ क्षेत्र पहिचान गरी बैंकिङ्ग व्यवसायलाई अझ फराकिलो पार्दै लैजानु पर्ने धारणा राख्नु भयो । शेयरधनीहरुले आफ्नो बिचार राख्ने क्रममा बैंकको व्यवसायिक ख्याती (ब्राण्ड इमेज) राष्ट्रियस्तरमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरसम्म फैलिदैं गएकोमा खुशि प्रकट गर्नु भयो ।



Global IME Bank Limited Corporate Office

## ११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो बिचार प्रस्तुतिकरण :

छलफलको कममा शेयरधनी बक्ताहरुले बुँदागत रुपमा देहाय बमोजिमको धन्यबाद तथा सराहना,सुझाव एवं मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

### १. श्री जगन्नाथ आचार्य

अध्यक्षज्यूको नेतृत्वमा बैंकले निरन्तर प्रगति गरिरहेको छ । अधिकांश वित्तीय परिसुचकहरु अब्बल रहेको छ ।

मुलुकको आर्थिक गतिबिधि धिमा रहेको, व्यापार-व्यवसाय अपेक्षाकृत चलायमान नभएको, बैंकको कर्जा मागमा समेत आशातित सुधार हुन नसकिरहेको वर्तमान स्थितिमा बैंकले प्राप्त गरेको मुनाफा राम्रो रहेको बताउनु भयो ।

बैंकले युरोमनी म्यागेजिनबाट बेष्ट बैंक नेपाल २०२५, ग्लोबल फाइनान्सबाट बेष्ट बैक अवार्ड २०२५ लगायत अन्तर्राष्टियमा प्रतिष्ठित सम्मान प्राप्त गरेबाट सम्पुर्ण शेयरधनीहरुको शिर उचो हुन पुगेको बताउनु भयो ।

जलबिद्युत तथा नविकरणीय सौर्य उर्जा लगायतका क्षेत्रहरुमा कर्जा लगानी बढाउनु पर्ने सुझाव दिनु भयो । कर्मचारीहरुको दक्षता अभिवृद्धि सम्बन्धी तालिम, शैक्षिक योग्यता, अनुभव र काम गर्न सक्ने ल्याकतलाई मुल्याङ्कनको मापदण्डको आधारमा कर्मचारीहरुको सरुवा, बढुवा हुनु पर्ने धारणा राख्नुभयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले गरेका कामहरु सह्रानिय रहेको भन्दै हालैको जेनजी आन्दोलनका सहिद परिवार तथा घाईतेहरु लाई सहयोगको लागि आग्रह गर्नुभयो ।

चालु आ.व.को प्रथम त्रयमासको वित्तीय विवरण उत्साहप्रद रहेको भन्दै विभिन्न कम्पनीहरुको शेयरमा रहेको बैंकको लगानी उपयुक्त समयमा बिक्री गरी मुनाफा वृद्धि गर्नुपर्ने सुझाव दिनु भयो ।

बैंकको दोहोरो अंकको लाभाँश क्षमता हुँदाहुँदै ८ प्रतिशत मात्र नगद लाभाँश प्रस्ताव गरिएको गुनासो सहित अर्को वर्षदेखि दोहोरो अंकको लाभाँशको सुनिश्चितता हुनुपर्ने भन्दै अध्यक्षज्यू, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत सहित सिंगो बैंक परिवारलाई १९ औ वार्षिक साधारण सभाको सफलताको शुभकामना । बैंकको व्यवसायिक भविष्यको उत्तरोत्तर प्रगतिको कामना । जय ग्लोबल आइएमई बैक । धन्यवाद ।

### २. श्री उत्तम दत्त पाण्डे

शेयरधनीको मुख्य चासो नै प्रतिफलमा हुने धारणा राख्नु हुँदै मुलुकको वित्तीयस्थिति नै सुस्त भएको स्थितमा शेयरधनीलाई प्रस्तावित ८.०० प्रतिशत नगद लाभाँश सन्तोषप्रद मान्नुपर्ने धारणा व्यक्त गर्नु भयो ।

आगामी वर्ष कम्तिमा पनि दुई अंकको प्रतिफल सुनिश्चित हुनुपर्ने र बोनस शेयर तथा नगद लाभाँश समेत सन्तुलित गर्नुपर्ने धारणा राख्नु भयो ।

बैंकको दीर्घकालिन व्यवसायिक रणनीतिक योजना प्रसंशनिय रहेको बताउनु भयो । निष्कृय कर्जाको अंश कम गर्न टास्कफोर्स नै बनाएर लाग्नु पर्ने भन्दै चर्चामा रहेको सम्पत्ति व्यवस्थापन कम्पनीलाई मुर्तरुप दिने गरी नीतिगत नेतृत्व लिन अध्यक्षज्यूलाई सुझाव दिनु भयो ।

बैंकले प्राप्त गरेको विभिन्न अन्तर्राष्ट्रियस्तरको सम्मान तथा पुरस्कारबाट व्यवसायिक ख्याति अभिवृद्धि भएको बिचार व्यक्त गर्नु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले गरेका कामहरु सह्रानिय रहेको बताउनु भयो । यस अर्न्तगतका कामहरु मुलुकको गरिबी निवारणमा केन्द्रित हुनुपर्ने भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/३/२४ मा भएको फैसला एवम् नेपाल राष्ट्र बैकबाट जारी पछिल्ला निर्देशनलाई आधार मानी अगाडी बढ्न सुझाव दिनु भयो ।

बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना । धन्यवाद । जय ग्लोबल आइएमई बैक ।

### ३. श्री रामचन्द्र पोखरेल, प्रतिनिधि कर्मचारी संचय कोष

बैंक सञ्चालक समिति तथा यस १९ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन, शेयरधनी लगायत उपस्थित सम्पुर्णलाई व्यक्तिगत र शेयरधनी कर्मचारी संचयकोषका प्रशासक सि.ए. श्री जितेन्द्र धितालज्यूको तर्फबाट समेत सफलताको शुभकामना ।

बैंकिङ प्रणाली मात्र नभएर सिंगो मुलुक नै अप्ठेरो परेको बेला निजी क्षेत्रका उद्योगी, व्यवसायीहरु मात्र नभएर समाजको मनोवल उकास्ने गरी **हामी फेरी उठ्नु पर्छ** भन्ने अध्यक्षज्यूको आत्मविश्वासको सर्वत्र प्रशंसा भएको स्मरण गर्नु भयो ।

नेपाली उद्योगी व्यवसायीहरुको छाता संगठन नेपाल उद्योग बाणिज्य महासंघको अध्यक्षको नाताले मुलुकको वित्तीय स्वास्थ्य सुधारमा नीतिगत नेतृत्वको लागि अध्यक्षज्यूलाई शुभकामना दिनुभयो ।

बैंक तथा वित्तीयसंस्थाहरुले निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धनलाई पहिलो प्राथमिकता दिनुपर्ने राज्यको कानूनले नै व्यवस्था गरेको भन्दै शेयरधनीहरुको लगानीको प्रतिफलको लागि पनि उत्तिकै प्रेसर पारिरहेको बाध्यात्मक अबस्था स्मरण गर्नु भयो ।

संस्थापक र सर्वसाधारण शेयरको वीचमा विभेद किन ? भन्ने प्रश्न गर्दै सर्वसाधारण शेयर कम्तिमा पनि धेरथोर मुल्यमा भनेको बेला बिक्री हुने तर जोखिम मोलेर बैंक

खोल्ने संस्थापक शेयरधनीहरुको शेयर आधा मुल्यमा समेत बिक्री नहुने अबस्था रहेको धारणा राख्नु भयो ।

संस्थापक शेयर बिक्री प्रकृया लामो र झन्झटिलो भएको र संस्थापक शेयर औषधोपचारको लागि बेच्न खोज्दा भनेको समयमा बिक्री नभएको दर्दनाक अबस्था उल्लेख गर्नु भयो ।

बैंक तथा वित्तीय संस्थाहरुमा कर्मचारी संचय कोषको उल्लेख्य शेयर लगानी रहेकोमा पछिल्लो वित्तीय विवरण अध्ययन गर्दा झण्डै एकतिहाइको शुन्य प्रतिफल रहेको अबस्थामा यो बैंकले शेयरधनीलाई प्रस्ताव गरेको ८.०० प्रतिशत लाभाँश आशातित र सन्तोषप्रद रहेको र त्यसमापनि आफ्नो जस्तो संस्थाको लागि नगद लाभाँश सुनमा सुगन्ध हुने धारणा राख्नु भयो ।

बैंकको निष्कृय कर्जाको अंश वृद्धि हुनुमा केवल बैंकको मात्र भुमिका नहुने बिचार राख्दै मुलुकको समग्र वित्तीय अबस्था स्वस्थ्य राख्न, नेपाल सरकार अर्थ मन्त्रालय एवम् वित्तीय प्रणालीको अविभावक नेपाल राष्ट्र बैंकको अहम भुमिका हुने सभालाई बताउनु भयो ।

मर्जर तथा प्राप्ति गरेका बैंक तथा वित्तीय संस्थाहरुमध्ये हरेक दृष्टिकोणबाट यो बैंक उदाहरणीय रहेको छ भन्दै उहाँले सभामा छलफलका लागि प्रस्ताव गरिएका सम्पुर्ण एजेण्डाहरुमा आफ्नो समर्थन रहेको जानकारी सहित सभाको सफलताको कामना गरी मन्तव्य अन्त्य गर्नु भयो ।

४. **श्री भेषराज भण्डारी**

अध्यक्षज्यू, सञ्चालक समिति लगायत उपस्थित सम्पुर्ण लब्धप्रतिष्ठित व्यक्ति एवम् प्रवुद्ध शेयरधनीहरु एवम् कर्तव्यनिष्ठ कर्मचारीहरुमा नमस्कार तथा अभिवादन ।

८.०० प्रतिशत नगद लाभाँश स्वागतयोग्य छ । जगेडा कोष लोभलाग्दो रहेको छ । शेयरधनीहरुलाई दोहोरो अंकको लाभाँश दिनसक्ने क्षमता हुँदाहुँदै पनि ८ प्रतिशत मात्र नगद लाभाँश प्रस्ताव गरिएको बिचार व्यक्त गर्नु भयो ।

चालु आ.व.को प्रथम त्रयमासको वित्तीय विवरण उत्साहप्रद रहेको छ ।

बैंकका अधिकांश वित्तीय परिसुचकहरु अब्बल र प्रगतिउन्मुख रहेको र युरोमनी म्यागेजिन, बेष्ट बैंक नेपाल २०२५ र ग्लोबल फाइनान्स, बेष्ट बैक अवार्ड २०२५ जस्तो अन्तर्राष्ट्रिय स्तरको सम्मानले बैकको शाख बढेको बताउनु भयो ।

बैकिङ्ग इतिहासकै सस्तो ब्याज दर हुँदा समेत कर्जाको माग नबढेको धारणा राख्दै निष्कृय कर्जालाई समयमा व्यवस्थापन गर्न नसके आउँदो दिन विकराल हुन सक्ने विचार राख्नु भयो ।

डिजिटलाइज्ड र प्रोसेस अटोमेसनमा भए गरेका काम तथा भविष्यको योजना सह्रानिय रहेको भन्दै सोका लागि सम्बन्धित सम्पुर्ण बधाईको पात्र रहेको बताउनु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले गरेका कामहरु सह्रानिय रहेको भन्दै जेनजी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई सहयोग गर्न अनुरोध गर्नु भयो ।

शेयरधनीहरुलाई भुक्तानी दिनुपर्ने लाभाँश रकम उल्लेख्य रुपमा रहेकोले विभिन्न व्यवस्था गरी सम्बनिधत शेयरधनीलाई पठाउन सुझाव दिनु भयो ।

संचालन खर्च अर्न्तगतको मनोरंन्जन खर्च तथा ट्राभल खर्च पारदर्शी बनाई र अर्को बर्ष दोहोरो अंकको लाभाँश सुनिश्चित हुनुपर्ने बताउनु भयो । १९ औ वार्षिक साधारण सभाको सफलताको शुभकामना । धन्यवाद ।

५. **श्री ब्यास कुमार शर्मा**

१९ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना । सभामा बोल्न दिनुभएकोमा धन्यवाद । ८.०० प्रतिशत नगद लाभाँश स्वागत योग्य रहेको छ ।

उद्योग वाणिज्य क्षेत्रका उदाहरणीय व्यक्तित्व श्री चन्द्र प्रसाद ढकालज्यूको नेतृत्वमा बैंकभित्र व्यवसायिकरुपले योग्य र दक्ष व्यक्तिहरुको समुह रहेको बताउनु भयो ।

अध्यक्षज्यूको मन्तव्य आफैंमा सरल र स्पष्ट हुनुको साथै आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उत्कृष्ट र जानकारीमुलक एवम् वित्तीय तथ्याङ्कहरु रेखा चित्रमा राखिएकोले बुझ्न सरल र सहज रहेको बताउनु भयो ।

बैंकको चुक्ता पूँजी, निक्षेप संकलन, कर्जा लगानी तथा अन्य लगानीमा समेत उल्लेख्य वृद्धि भएको छ, सोको लागि सिंगो बैक परिवार धन्यवादको पात्र हुनुहुन्छ ।

बैंकको कर्जा लगानी र निक्षेप संकलन लगायतको अन्य परिसुचक वृद्धि हुँदै जाँदा प्रतिफलपनि स्वभाविक रुपमा बढ्ने हुन्छ ।

मुलुकको वित्तीय शिथिलताले निष्कृय कर्जाको अंश बढेको र छोटो समयको धेरै मर्जरबाट सिर्जित दायित्व अझै नमेटिसकिएकाले गर्दा तुलनात्मक रुपमा लाभाँश कम भएको भएतापनि समयको चक्र संधैभरी एकनास नहुने धारणा व्यक्त गर्नु भयो ।

बैंकको लगानी दीर्घकालिन प्रकृतिको हुने भएकोले एकाध वर्षको प्रतिफल कम हुँदैमा नआत्तिन शेयरधनीहरुलाई आग्रह गर्नु भयो ।

मुलुकको समग्र वित्तीय स्थितिमा सुधार आउने वित्तिकै सोको सकारात्मक प्रभाव यस बैंकमा परी निसन्देह रुपमा प्रतिफल पनि बढ्न जाने विश्वास व्यक्त गर्नु भयो ।

परम्परागत बैंकिङ्ग बाट माथि उठेर नयाँ नयाँ क्षेत्रहरु खोजी गर्नु पर्ने सुझाव दिनु भयो । सम्पत्तिको गुणस्तर (Assets Quality) मा ध्यान दिन र NPA सुधारमा लाग्न अनुरोध गर्नु भयो । नेपाल बैंकर एशोसिएसन तथा लगानीकर्ताहरुको संगठन मार्फत नीतिगत तहमा प्रभावकारी भुमिकाको लागि अध्यक्षज्यू, प्रमुख कार्यकारी अधिकृत लगायत सम्बद्ध सबैलाई अनुरोध गर्नु भयो ।

६. **श्री सुदिप श्रेष्ठ**



Global IME Bank Limited Corporate Office

सभामा बोल्ने अबसर दिनु भएकोमा धन्यवाद । सबैको लागि बैक भन्ने नारा लिएर स्थापना भएको यस बैक निरन्तर प्रगतिपथमा रहेको छ ।

अध्यक्षज्यू, संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृतको सामाजिक पहिचान र ब्यावसायिक ख्यातिको तुलनामा शेयरधनीको लाभाँश उत्साहजनक हुन नसकेतापनि सन्तोषप्रद रहेको बताउनु भयो र, आगामी वर्षदेखि कम्तिमा दुई अंकको लाभाँश सुनिश्चतताको माग गर्नु भयो ।

८.०० प्रतिशत लाभाँशमध्ये बोनस शेयर र नगद दुवै सन्तुलित रुपमा प्रस्तावित गर्दा उपयुक्त हुने धारणा राख्नु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले गरेका कामहरु सह्रानिय रहेको तर खर्च लक्षित वर्ग वा समुदायसम्म पुगे नपुगेको अनुगमन हुनुपर्ने सुझाव दिनु भयो ।

अघिल्लो वर्षभन्दा यस बर्षको साधारण सभा करिव १ महिना अगाडी गर्न सफल भएकोमा खुशी व्यक्त गर्दै सभाको भव्य र सव्य रुपमा सफलताको शुभकामना दिनु भयो ।

७. **श्री शत्रुघन श्रेष्ठ**

मुलुक र सिंगो बैकिङ क्षेत्रको असहज स्थितिमा शेयरधनीलाई वितरणको लागि प्रस्ताव गरिएको ८.०० प्रतिशत नगद लाभाँश स्वातयोग्य रहेको छ । विगत वर्षहरुमा शेयरधनीहरुलाई प्रदान गरिएको लाभाँशको विवरण प्रसंशायोग्य रहेको धारणा व्यक्त गर्नु भयो ।

बोनश शेयर दिँदा मुल्य समायोजनको कारण शेयरको मुल्य घट्ने गरेको भन्दै बैंकको पूँजी पर्याप्त रहेको अबस्थामा नगद लाभाँश लाई नै पहिलो प्राथमिकतामा राख्नु पर्ने बिचार व्यक्त गर्नु भयो । बैंकमा ५ लाखभन्दा बढी शेयरधनी रहेको भन्दै ८ प्रतिशत नगद लाभाँश बजारमा जाँदा मुलुकको आर्थिक गतिबिधिमा नै सकारात्मक प्रभाव पर्न सक्ने धारणा राख्नु भयो ।

आ-आफ्नो क्षेत्रका योग्य सारथीहरु रहेको सञ्चालक समिति तथा ३५ वर्षभन्दा बढि अनुभवी प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा बैंक सहि दिशामा अगाडी बढेकोले बैंकको भविष्य राम्रो रहेको धारणा राख्नु भयो ।

यूरो मनि म्यागजिनद्वारा Best Bank Nepal 2025 र Global Finance Magazine को Best Bank Award 2025 बाट बैक सम्मानित भएकोमा खुशि व्यक्त गर्दै उहाँले अन्तर्राष्ट्रिय स्तरमा नै ख्यातिप्राप्त यो सम्मानबाट समस्त शेयरधनीहरुको शिर उचो भएको बिचार व्यक्त गर्नु भयो ।

ग्लोबल आइएमई बैक, नाम नै काफी रहेको धारणा व्यक्त गर्दै आगामी व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना । जय ग्लोबल आइएई बैक । धन्यवाद ।

८. **श्री ब्रम्हदेव शाक्य**

अध्यक्षज्यू सहित सम्पुर्णमा जो जो लोप्पा, तारेमाम, नमस्कार । अन्तर्राष्ट्रिय रुपमा समेत ख्यातिप्राप्त र ठुलो बैंकको शेयरधनी तथा ग्राहकको हैसियतले १९ औं वार्षिक साधारण सभामा उपस्थित भई आफ्नो मन्तव्य राख्ने अवसर पाएकोमा खुशी व्यक्त गर्नु भयो । र, साधारण सभामा छलफलको लागि प्रस्तावित समान्य र विषेश सम्पुर्ण प्रस्तावहरुमा आफ्नो समर्थन रहेको बताउनु भयो ।

विभिन्न कारणले बैंक तथा वित्तीय संस्थाहरुको कर्जा विस्तार हुन नसकिरहेको वस्तुगत परिस्थितिमा बैंकले शेयरधनीहरुलाई ८.०० प्रतिशत नगद लाभाँश दिएकोमा सम्बद्ध सबैलाई धन्यवाद व्यक्त गर्नु भयो र यस वर्षको प्रतिफल अघिल्लो वर्षको भन्दा धेरै भएको नबिर्सन आग्रह गर्नु भयो ।

आ.वं २०८१/८२ को संचालक समितिको प्रतिवेदन उत्कृष्ट रहेको र संस्थापक सामाजिक उत्तरदायित्व अर्न्तगत भएगरेका काम कारवाहि प्रसंशायोग्य रहेको भन्दै हालैको जेनजी आन्दोलनले क्षति पुऱ्याएको एतिहासिक धरोहरहरु पुर्ननिर्माणमा सहयोगको लागि अनुरोध गर्नु भयो ।

मुलुकको अर्थतन्त्रमा नीजि क्षेत्रको योगदान महत्वपुर्ण रहेकोले निजिक्षेत्र मैत्री वातावरण निर्माणमा अध्यक्षज्यूले नेतृत्व गर्नुपर्ने बिचार राख्नु भयो ।

यूरो मनि म्यागजिनद्वारा Best Bank  Nepal 2025 र Global Finance Magazine को Best Bank Award 2025 बाट बैक सम्मानित भएकोमा खुशि व्यक्त गर्दै अन्तर्राष्ट्रिय स्तरमा नै ख्यातिप्राप्त यो सम्मानले समस्त शेयरधनीहरुको सम्मान बढेको बताउनु भयो ।

९. **श्री इन्द्र प्रसाद लामिछाने**

कानूनले तोकेको समयभन्दा अगाडी बैंकको १९ औं वार्षिक साधारण सभा गर्न सफल भएकोमा अध्यक्षज्यू, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, लेखापरीक्षक लगायत सम्बद्ध सबैलाई बधाई तथा हार्दिक धन्यवाद ।

शेयरधनीको प्रतिफल अघिल्लो वर्षभन्दा बढेको र प्रस्तावित नगद लाभाँश सन्तुलित रहेको धारणा राख्नु भयो ।

बैंक तथा वित्तीय संस्थाहरुको उद्देश्य अन्य कम्पनीहरुको जस्तो विशुद्ध मुनाफा आर्जन गर्नु मात्र नभएको तर्क राख्नु भयो ।

राज्यले अबलम्बन गरेको कानून, नियामक निर्देशन, संस्थागत सुशासन, सामाजिक उत्तरदायित्वबाट निर्देशित भई वित्तीय सेवा दिने संस्थाको मुनाफा संधैभरी एकैनास नहुने धारणा राख्नु भयो ।

तुलनात्मक रुपमा बैंकको नेटवर्थ कम रहेकोले २०० माथि लैजान पहल गर्न र कर्मचारीहरुको दक्षता अभिवृद्धिमा लगानी गर्न सुझाव दिनु भयो ।



Global IME Bank Limited Corporate Office

बैंकमा सवल, सक्षम, भरोसायोग्य नेतृत्व भएकाले स्वभाविक रुपमा शेयरधनीहरुको अपेक्षा पनि बढी भएको धारणा व्यक्त गर्नु भयो ।

चालु आ.व.२०८२/८३ को पहिलो त्रयमासको वित्तीय विवरण उत्साहप्रद रहेको भन्दै बैंकको व्यवसायिक प्रगति दिन दुगुना रात चौगुना हुँदै जाओस् उत्तरोत्तर प्रगतिको शुभकामना । धन्यवाद ।

१०. **श्री गोविन्द के.सी.**

सबैको लागी बैक भन्ने नाराको साथ सफल उद्योगी तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको नेतृत्वले छोटो समयमा नै एकपछि अर्को फड्को मार्दै गएको बिचार व्यक्त गर्नु भयो ।

अधिकाँश वित्तीय परिसूचकहरुमा मुलुकको एक नम्बर बैंकको रुपमा उभ्याउन सफल भएकोमा अध्यक्षज्यू, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत लगायत उहाँको समुह सम्पुर्णलाई धन्यवाद दिनु भयो ।

बैंकिङ्ग दीर्घकालिन व्यवसाय भएकोले सोही बमोजिमको रणनीति अबलम्बन गर्नुपर्ने बिचार राख्नु भयो ।

कर्जाको गुणस्तरमा ध्यान पुऱ्याउनु पर्ने, NPA घटाउन, खर्च नियन्त्रण गर्न र आगामी वर्षहरुमा कम्तिमा दुई अंकको लाभाँश सुनिश्चित गर्न सुझाव दिनु भयो ।

बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य अन्त गर्नु भयो ।

११. **श्री चन्द्र नारायण श्रेष्ठ**

आजको प्रतिस्पर्धी वातावरणमा मुनाफा निकाल्न कठिन रहेको भन्दै ८.०० प्रतिशत नगद लाभाँश सन्तोषजनक रहेको बताउनु भयो ।

राम्रो कामको प्रतिफल राम्रो नै हुन्छ भन्दै उहाँले बैंकले धेरैवटा बैंक तथा वित्तीय संस्थाहरुको सफलतापुर्वक मर्जर तथा प्राप्ति सम्पन्न गरी सोको व्यवस्थापन समेत गरीसकेकोले सोको सकारात्मक प्रतिफल क्रमश प्राप्त हुदै जाने धारणा व्यक्त गर्नु भयो ।

८ प्रतिशत नगद लाभाँश शेयरधनीहरुको खातामा आजै पठाउने व्यवस्था गर्न सुझाव दिनु भयो । र, अघिल्ला वर्षहरुमा शेयरधनीहरुलाई वितरण गरेको नगद लाभाँश मध्ये उल्लेख्य रकम अझैपनि शेयरधनीहरुले किन नबुझेको भन्ने जिज्ञाषा राख्नु भयो ।

बैंकले निष्कृय कर्जा व्यवस्थापनलाई प्राथमिकतामा राख्न सुझाव दिनु भयो । बैंकको व्यवसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना । जय ग्लोबल आइएमई बैंक । धन्यवाद ।

१२. **श्री भक्ति प्रसाद उप्रेति**

बैंकले निरन्तर प्रगति गरिरहेको, व्यवसायिक आकार बढाईरहेको र क्रमश बलियो समेत हुँदै गएकोमा शेयरधनीको हैसियतले प्रसन्नता प्रकट गर्नु भयो ।

बैंकको संचालक समिति उत्कृष्ठ छ । अध्यक्षज्यू, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनको सामुहिक नेतृत्व र कर्मचारीहरुको लगनशिलता विना बैंकले यो तहको प्रगति असम्भव रहेको भन्दै त्यसको लागि सम्पुर्णलाई धन्यवाद दिनु भयो ।

कर्जाको माग नबढेको र पाकेको व्याज सकुशल नउठेको लगायत अन्य विभिन्न असहज परिस्थितिको बाबजुत शेयरधनीलाई प्रस्तावित ८ प्रतिशत नगद लाभाँश स्वागतयोग्य रहेको धारणा राख्नु भयो ।

गैरव्याज आम्दानीको ५ वटै शीर्षकको आम्दानी लोभलाग्दो रहेको बताउनु भयो ।

सर्व साधारणको निक्षेपको सुरक्षाको जिम्मा लिएको बैंक तथा वित्तीय संस्थाहरु विरुद्ध अझैपनि समाजको जिम्मेवार व्यक्तिहरुले नै अफवाह फैंलाइ रहेकोमा रोष प्रकट गर्नु भयो ।

राष्ट्रको ठुलो र उत्कृष्ट बैंक हुनुको नाताले सिँगो बैकिङ्ग क्षेत्रको समस्या एवं चुनौति समाधानमा नेतृत्वदायि भुमिका निर्वाह गर्ने जिम्मेवारी पनि यसै बैकको रहेको बताउनु भयो ।

ठुला भनिएका बैंकहरु समेत NPA का कारण थला परेको उदाहरण प्रसस्त रहेको भन्दै NPA व्यवस्थापनमा लाग्न सुझाव दिनु भयो ।

प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन पहिलो वर्ष नै उत्कृष्ठ रहेको भन्दै उहाँको नेतृत्वमा आगामी वर्ष देखि स्वस्थ्य लाभाँश प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । स्वतन्त्र महिला संचालक यथासक्य चाँडो नियुक्त गर्न सुझाव राख्दै सभामा प्रस्ताव गरिएका सम्पुर्ण एजेण्डाहरुमा पुर्ण समर्थन सहित आफ्नो मन्तव्य टुङ्याउनु भयो ।

१३. **श्री उद्धव प्रसाद घिमिरे**

शुभकामना मन्तव्यको लागि जेष्ठ शेयरधनीलाई पहिलो प्राथमिकता दिनु पर्नेमा सो हुन नसकेको दुखेसो गर्नु भयो ।

अध्यक्षज्यू सहितको सिंगो संचालक समिति आ-आफ्नो क्षेत्रका सफल व्यक्तित्व भएको र प्रमुख कार्यकारी अधिकृत समेत योग्य र अनुभवी व्यक्तित्व हुनु भएको भन्दै सोको सकारात्मक परिणाम क्रमश प्रदर्शित हुँदै गएको र बैंकको भविष्य उज्जल रहेको धारणा व्यक्त गर्नु भयो ।

संस्थापक शेयरधनीहरुले जोखिम मोलेर संचालनमा ल्याएको आजको मितिको ग्लोबल आईएमई बैक मुलुकको बैकिङ तथा वित्तीय क्षेत्रको उदाहरणीय बनेको धारणा राख्नु भयो ।

कतिपय वाणिज्य बैकहरुको शुन्य लाभाँशको अवस्थामा यस बैकले शेयरधनीहरुलाई प्रदान गरेको ८.०० प्रतिशत नगद स्वागतयोग्य रहेकोले सोका लागि सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

शेयरधनीको प्रतिफल मुनाफाको आधारमा निर्धारण हुने सामान्य नियम हो सोका बाबजुत मुनाफा निर्धारणमा बहुआयमिक प्रभाव पर्ने सत्य उजागर गर्नु भयो ।

सम्पत्तिको गुणस्तर राम्रो रहेको, विदेशी मुद्रा आम्दानी लोभलाग्दो भएको, एलसी कमिशन उत्कृष्ठ रहेको, रिजर्भ तथा रिर्टन अर्निङमा उल्लेख्य रकम रहेको बताउनु भयो ।

निसन्देह बैकले सहि दिशा अवलम्बन गरेकाले मुलुकको वर्तमान अबस्थामा सामान्य सुधार भए अर्को आ.व.मा बैक २० वर्ष पुगेसंगै शेयरधनीको लाभाँश समेत २० प्रतिशत नै हुन सक्ने आशा व्यक्त गर्नु भयो र १९ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनु भयो ।

१४. **श्री गुणराज भट्ट**

बैंकको १९ औं वार्षिक प्रतिवेदन र वित्तिय वासलातको विवरण उत्कृष्ट र जानकारी मुलक छ । बैंकको वित्तीय परिसुचकहरु हेर्दा निरन्तर प्रगति भइरहेको पाईन्छ ।

बैंकको ऋण तिर्न पर्दैन भनेर केहि व्यक्ति वा समूहले अफवाह फैलाएकोले सोको नकारात्मक असर पर्न गई समग्र बैंकहरुको NPA बढेको र त्यसको प्रत्यक्ष असर यस बैकलाई परेको भन्दै NPA अहिलेको भन्दा बढी हुन्थ्यो भने प्रस्तावित लाभाँश समेत नपाईने अवस्था बन्दथ्यो त्यसैले यो स्थितिमा पनि ८.०० प्रतिशत नगद लाभाँश प्राप्त हुनु साँच्चै खुशिको बिषय भएको बिचार व्यक्त गर्नु भयो ।

निक्षेपको ब्याज मुद्रास्फीति दरभन्दा तल ओर्लेकोमा चिन्ता ब्यक्त गर्दै ठुलो संख्यामा रहेका निक्षेपकर्ताहरु पिडित हुनुपरेको र उनिहरुको पक्षबाट कसैले नसोचेको बताउनु भयो ।

कर्जाको गुणस्तर राम्रो राख्न सके ढिलोचाँडो बैक तथा वित्तीय संस्थाहरुको समय आउने भन्दै सम्बद्ध सबैलाई नआत्तिन अनुरोध सहित बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो ।

१५. **ई. बैजुनाथ रौनियार**

"सबैको लागि बैक" भन्ने नारा तथा "मेरी उनिलाई" निक्षेप प्रोडक्ट छोटो मिठो र लोकप्रिय रहको भन्दै यसले समाजमा बैंकको पहिचान र सामाजिक ख्याति एवम् व्यवसायिक दायरा फराकिलो बनाउन मद्दत गरेको बताउनु भयो ।

सञ्चालक समितिको प्रतिवेदन उत्कृष्ठ रहेको छ र बैक निरन्तर प्रगतिपथमा रहेको देखिन्छ । आजको परिस्थितिमा ८.०० प्रतिशत लाभाँश सन्तोषजनक मानेर अर्को बर्ष

दोहोरो अंकको तयारीमा लाग्नु पर्छ । र, आगामी केहि वर्षसम्म शेयरधनीहरुको प्रतिफल नगदमा हुनु पर्छ भन्ने राय राख्नु भयो ।

संचालन खर्च र निष्कृय कर्जाको अंश कम गर्दै लैजानु पर्छ । संचालक समिति र उच्च व्यवस्थापनको डयास्मा महिला नदेखेको भन्दै सम्बन्धित सबैको ध्यानाकर्षण गराउनु भयो ।

शेयरधनीहरुले बुझि लिन बाँकी लाभाँशको विवरण बैंकको आधिकारिक वेभसाईटमा राख्न सुझाव दिनु भयो ।

अन्त्यमा १९ औ वार्षिक साधारण सभाको लागी प्रस्तुत सम्पुर्ण एजेण्डाहरुमा आफ्नो सहयोग र समर्थन रहेको भनाई सहित बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो ।

**१६. श्री ध्रुवराज न्यौपाने**

बैंक १९ वर्षको लक्का जवान भएको छ । प्रस्तावित कर्पोरेट भवनको छविचित्र अत्यन्तै सुन्दर रहेको छ । समग्र देशको परिस्थिति हेर्दा बैकबाट प्रस्तावित ८.०० प्रतिशत नगद लाभाँश स्वागतयोग्य रहेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत नीति नै बनाएर भएको खर्च प्रशंसनिय रहेको छ ।

अघिल्लो त्रयमासमा रिर्टन अर्निङमा देखाईको रकम अर्को त्रयमास सम्म पुग्दा उल्लेख्य रुपमा घट्नुको कारण के हो ? भन्ने प्रश्न गर्दै बैंकले विदेशमा शाखा खोल्नु पुर्व संचालन लागत जस्ता बिषयको ओ.एन.एम सर्भे हुनुपर्ने धारणा राख्नु भयो ।

बैंकको समग्र वित्तीय वासलात अध्ययन गर्दा व्यवसायको करिव ५० प्रतिशत हिस्सा मुलुकको राजधानी समेत रहेको बागमति प्रदेशमा देखिएको र आधुनिक बैंकिङ डिजिटलमैत्री हुँदै गएको परिप्रेक्ष्यमा दुर दराजहरुमा धेरै शाखा सञ्जाल राखेर संचालन लागत बढाउनुको औचित्य नहुने बताउनु भयो ।

यस बैकको अत्यन्त सुन्दर पक्ष भनेको सिंगो बैकिङ इण्डष्ट्रिजको करिव ८ देखि १० प्रतिशत सम्म बजार हिस्सा ओगट्न सक्नु हो जुन साँच्चै गौरवको बिषय भएको धारणा राख्नु भयो ।

निष्कृय कर्जाको बढोत्तरी प्रतिशतमा भन्दा अंकमा बढी रहेकोले सोको व्यवस्थापनमा गम्भिर हुनुपर्ने बताउनु भयो । आउटसोर्स कर्मचारी खर्च तुलनात्मक रुपमा बढी भएको तर्क गर्दै सोको सट्टा नियमित र स्थायी प्रकृतिको कर्मचारी भर्ना गरी प्रति कर्मचारी उत्पादकत्व अनुपात अझै बढाउनु पर्ने सुझाव दिनु भयो । र, अन्तमा बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ब्यक्त गर्नु भयो ।

**१७. श्री नुतन ढुंगाना**

सबैको लागि बैंक भन्ने नाराका साथै स्थापना भएको यस बैक निरन्तर प्रगतिपथमा रहेको छ ।

व्यवसायिक मुल्य मान्यता र पुर्ण संस्थागत सुशासनमा रहेर मुलुकको ठुलो, रहरलाग्दो र भरलाग्दो बैक निर्माण आजको आवश्यकता हो र यस बैंकको पाइला त्यसतिर केन्द्रित रहेको आफुले बिश्वास गरेको र त्यस्तो बैकको शेयरधनी हुन पाउनु गौरवको कुरा भएको बिचार सभामा राख्नु भयो ।

विगत केहि वर्ष यतादेखि सिंगो बैंकिङ प्रणालीमा नै निष्कृय कर्जाको अंश बढेको भन्दै मुलुकको समग्र अबस्थामा सुधार नभई बैंकिङ प्रणालीमा मात्र सुधार सम्भव नहुने बताउनु भयो ।

संचालक समिति, बैक व्यवस्थापन र कर्मचारी सम्पूर्णको हित बैकको उन्नतिमा रहेको बिचार व्यक्त गर्दै निष्कृय कर्जालाई सक्रिय कर्जामा रुपान्तरण गर्न सबैंले आ-आफ्नो ठाउँबाट सहयोग गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत भए गरेका कामहरु सह्रानिय छ । शुन्यबाट बैंकलाई यो उचाईसम्म पुऱ्याउन अहोरात्र लाग्नुहुने संचालक समितिका अध्यक्षज्यू, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन, कर्मचारी लगायत सम्बद्ध सबैंलाई धन्यवाद सहित बैंकको दीर्घकालिन व्यवसायिक रणनीति २०३० ले राखेका लक्ष्यहरु सम्पुर्ण पुरा होस् भनने शुभकामना व्यक्त गर्नु भयो ।

**१८. श्री संजय अधिकारी**

अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृत दुवैजना आफ्नो पुरानो, घनिष्ठ एवम् सु:ख दु:खका साथीहरु रहेको बताउनु भयो । र, आफु बैंक स्थापना गर्नु अगाडीको संस्थापक सदस्य रहेको सभामा स्मरण गर्नु भयो ।

नेपाल राष्ट्र बैकबाट बैकिङ कारोवार गर्न ईजाजतपत्र प्राप्त विभिन्न २१ वटा बैक तथा वित्तीय संस्थाहरु मर्जर तथा प्राप्ति एवम् व्यवसायबाट आज बैंकले यो उचाइ हासिल गर्न सफल भएकोमा खुशि व्यक्त गर्दै सोका बाबजुत संस्थापक शेयरधनीहरु पीडित हनु परेको दुखेसो गर्नु भयो ।

संस्थापक शेयर बिक्री गर्न खोज्दा खरिदकर्ता समेत भेटिने अबस्था नभएको, सर्वसाधारण शेयरको तुलनामा आधा मुल्य पनि नआउने, बिक्री प्रकृया लामो र अनावश्यक भन्झटिलो रहेको गुनासो गर्नु भयो । संस्थापक शेयर खरिदबिकी प्रकृयालाई सहजिकरण गर्न नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्न संचालक समितिलाई सुझाव दिनु भयो ।

**१९. श्री डा. तारानाथ लुईटेल**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । सर्वप्रथम बैंकका अध्यक्षज्यू संचालक समिति, व्यवस्थापन कम्पनी सचिव लगायत सम्पुर्ण शेयरधनीहरुलाई १९औं वार्षिक साधारणसभा सफलताको शुभकामना ।

आफु राजनीतिकर्मी भएकोले फराकिलो ढंगले सोच्ने गरेको भन्दै बैंकको आन्तरिक गतिबिधि राम्रो छ भन्ने बिश्वासको आधारमा सुक्ष्म तहमा प्रवेश नगरेको तर नीतिगत बिषयमा भने चासो रहेको बताउनु भयो ।

वर्तमान समयमा क वर्गको वाणिज्य बैंकहरुमध्ये झण्डै एकतिहाइले शेयरधनीहरुलाई हात खालि राख्ने अबस्थामा यो बैकले शेयरधनीहरुलाई प्रदान गरेको ८.०० प्रतिशत नगद लाभाँश स्वागतयोग्य रहेको बिचार व्यक्त गर्नु भयो ।

स-साना शेयरधनीहरुको लागि नगदको सट्टा बोनस शेयर बढी लाभकारी हुने आफुले पाएको धारणा राख्नु हुँदै अर्को वर्षदेखि बोनस शेयर र नगद लाभाँश दुवैलाई सन्तुलन गरी प्रतिफल प्रदान गर्न सझाव दिनु भयो ।

सभामा बोल्ने महिला शेयरधनी अन्तन्तै कम पाइएको भन्दै आधा आकाश ढाक्ने महिलाहरु लाई वक्ताको रुपमा प्राथमिकता दिन अनुरोध गर्नु भयो ।

नेपाल बिद्युत प्राधिकरणले बिजुली बत्ती काटेको उद्योगहरुमा बैंकको कर्जा लगानी भए नभएको जिज्ञासा राख्दै कर्जा जोखिममा पर्ने त होइन ? भन्ने आशंका गर्नु भयो । र, अन्त्यमा बैंकको १९ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो । **जय ग्लोबल आइएमई बैंक ।**

२०. **श्री रोज कुमार श्रेष्ठ**

८.०० प्रतिशत नगद लाभाँशको लागि धन्यवाद । आजको अबस्थामा सन्तोषजनक छ तर विभिन्न वित्तीय परिसुचकबाट मुलुकको एक नम्बर बैक दावी लिइरहँदा शेयरधनीहरुको लाभाँश पनि तदअनुरुप नै हुनुपर्ने सत्यलाई नबिर्सन आग्रह गर्नु भयो ।

कुनैबेला बैंकको संस्थापक शेयरधनी हुनु गौरवको बिषय हुने गरेकोमा अहिले आएर दुर्भाग्यपुर्ण हुन पुगेको बताउनु भयो ।

बैंकको शेयरधनी सबै बराबर हुने धारणा राख्नु भयो र संस्थापक शेयरधनीहरुलाई परेको मर्का बुझेर शेयर बिक्री प्रकृया सरल र सहझ बनाउन सबैजना लाग्नु पर्ने बिचार व्यक्त गर्नु भयो ।

केहि बढी शुल्क वा राजश्व लिएर भएपनि संस्थापक शेयर सर्वसाधारण सरह दोस्रो बजारमा कारोवार गर्ने ब्यवस्थाको लागि नेपाल राष्ट्र बैक लगायतका अन्य नियामक निकायहरुमा पहल हुनुपर्ने औल्याउनु भयो ।

बैंकको कर्जा मिन्हा भन्ने हल्लामा कुनै आधार नभएको भन्दै शेयरधनीको रगत पसिनाको लगानी र निक्षेपकर्ताको निक्षेपबाट संचालन हुने बैक तथा वित्तीय संस्थाले कुन कानुन बमोजिम मिन्हा दिनसक्छ, आफुले नबुझेको सभालाई बताउनु भयो ।

बैक तथा वित्तीय संस्थाको निष्कृय कर्जा र गैर बैकिङ सम्पत्ति व्यवस्थापनको लागि सम्पत्ति व्यवस्थापन कम्पनी जरुरत भै सकेको धारणा राख्नु हुँदै सोका लागि समुहगत आवाज उठाउनु पर्ने औंल्याउनु भयो ।

आन्तरिक लेखापरीक्षण र बाह्य लेखा परीक्षणमा ठुलो भिन्नता हुनुको पछाडि आन्तरिक लेखा परिक्षणको व्यवसायिक दक्षताको प्रश्न रहेको बताउनु भयो ।

बैंकको राष्ट्रिय अन्तर्राष्टिय व्यवसायिक साख, आकार, सञ्जाल एवम् अध्यक्षज्यू सहितको संचालकहरुको इज्जत प्रतिष्ठा तथा प्रमुख कार्यकारी अधिकृतको योग्यता र अनुभवको तुलनामा बैकले प्राप्त गरेको पछिल्लो ईक्रा रेटिङ कम भएको धारणा राख्दै बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

२१. **श्री मेजर कुवेर श्रेष्ठ**

अध्यक्षज्यू लगायत उपस्थित सबैलाई नमस्कार, सलाम र प्रणाम । सभामा यसअघि बोल्ने बक्ताहरुले एउटै बिषय दोहोर्याइ रहेको र श्रोताहरुले अल्छि मानी मानी सुन्न परिरहेको गुनासो गर्नु भयो ।

सभालाई हास्यपुर्ण रसिक बनाउन आग्रह गर्दै आफु उमेरले ७६ पुगिसकेको भएतापनि युवाको जस्तै जोश जाँगर रहेको बताउनु भयो ।

यूरो मनि म्यागजिनद्वारा Best Bank Nepal 2025 र Global Finance Magazine को Best Bank Award 2025 बाट बैक सम्मानित भएकोमा प्रसन्नता व्यक्त गर्दै अन्तर्राष्ट्रिय स्तरको सम्मानले बैंकको ख्याति अभिवृद्धि हुँदै गएको धारणा राख्नु भयो । र, सम्मानको मर्यादाको लागि समेत व्यवसायिक मुल्य मान्यता र संस्थागत सुशासनमा जोड दिनु पर्ने धारणा राख्नु गर्नु भयो ।

अघिल्लो पटक अध्यक्षज्यूले कम्तिमा दुई अंकको लाभाँश दिने प्रतिवद्धता गरेको स्मरण गराउनु भयो र दोहारो अंकको लाभाँशले तुलनात्मक रुपले ठुला शेयरधनी नै बढि लाभान्वित हुने बताउनु भयो ।

यस वर्ष ८.०० प्रतिशत नगद लाभाँशमा नै चित्त बुझाउन शेयरधनीलाई आग्रह गर्दै अर्को वर्ष दोहोरो अंकको लाभाँशको लागि अध्यक्षज्यूको प्रतिवद्धता माग गर्नु भयो ।

मानिसको जिवन बहुआयामिक भएको र धन सम्पत्तिप्रतिको लगावको कुनै सीमा नै नभएको भन्दै शेयरधनीले सकेसम्म बढी प्रतिफल प्राप्त होस् भनेर अपेक्षा गर्नु स्वभाविक भएतापनि प्रतिफल आर्जनमा विविध कुराहरुको प्रभाव पर्ने गरेको सत्यलाई वेवास्ता गर्न नहुने बताउनु भयो ।

बैंकको व्यवसायिक ख्याति अत्यन्तै राम्रो छ । बैंकका अध्यक्षज्यू तथा संचालक समितिप्रति शेयरधनीहरुको विश्वास जिवन्त रहेको छ । बैकप्रतिको धेरैको आस्था भएकाले सामान्य कमीकमजोरी देखिएपनि मन खिन्न हुने बताउनु भयो ।

नैतिक आचरण र अनुशासन कर्मचारीहरुको गहना हो भन्दै नेतृत्व विकासको लागि आवश्यक तालिम दिई बैंकका सेवाग्राही भगवान सरह हुन भन्ने मान्यता विकास गर्न जरुरी रहेको बताउनु भयो ।

संचालक समिति शेयरधनीहरुको विश्वासको प्रतिक हो । संचालक समिति, शेयरधनी, कर्मचारी, नियामक निकाय लगायत सम्बद्ध सबैंको लक्ष्य र उद्देश्य संस्था मजबुत पार्नु रहेको हुँदा कोही कसैलेपनि आग्रह वा पुर्वाग्रह पाल्न नहुने बिचार राख्नु भयो ।

निष्कृय कर्जाको अंश तथा कष्ट अफ फण्ड समेत कम गर्नुपर्ने सुझाव दिनु भयो । अध्यक्षज्यू र संचालक समितिका सदस्यहरुको व्यक्तित्व हरेक दृष्टिकोणले उच्च रहेको भन्दै उहाँले आगामी वर्षहरुमा बैकको वित्तीय स्वास्थ्य बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो ।

## २२. श्री विरोचन श्रेष्ठ

अध्यक्षज्यू सहित उपस्थित सम्पुर्णलाई अभिवादन । मुलुकको परिस्थिति, बैंकको आकार, राष्ट्रिय अन्तराष्ट्रिय ख्याति, अध्यक्षज्यू, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत लगायतको योग्यता, क्षमता, व्यवसायिक अनुभव राम्रो छ, शेयरधनीहरुलाई लगानीको प्रतिफल महत्वपुर्ण हुने र सो प्राप्त नहुने अवस्थामा अन्य बिषय गौंण हुने भएकाले त्यस अर्थमा बैंकले शेयरधनीलाई प्रदान गरेको ८.०० प्रतिशत नगद लाभाँश कम भएको बताउनु भयो ।

विगत ५/७ वर्ष देखि संस्थापक शेयरधनीहरुको रुवाबासी चल्नुको कारण लगानीको प्रतिफलसंग गासिएको भन्दै लगानी छ, प्रतिफल छैन, शेयर बेच्चन खोजौ, परल मुल्यपनि आउँदैन, बिक्री प्रकृया अनावश्यक लामो र झन्झटिलो छ ।

बैंक परोपकारी संस्था नभएको र यसको स्थापना नै मुनाफा आर्जन गर्ने उद्देश्यले भएकोले युक्तीसंगत मुनाफा (Rational Profit) शेयरधनीको अधिकार भएको बिचार राख्नु भयो ।

शेयरधनी, कर्मचारी र सरकार सबैको आ-आफ्नो स्वार्थ हुने भन्दै सोमध्ये कर्मचारीले तलब, भत्ता, बोनस प्राप्त गरिरहेको, सरकारले करको रुपमा ठुलो धनरासी उठाईरहेको तर शेयरधनी मर्कामा परेको गुनासो राख्नु भयो ।

बैंकको वार्षिक साधारणसभा प्रत्येक आ.व.को पहिलो त्रयमाससम्म गरिसक्ने व्यवस्था मिलाउन अघिल्लो वर्ष आफुले गरेको अनुरोध पुरा नभएकोमा असन्तुष्टि प्रकट गर्नु भयो ।

शेयरधनीहरु बैंकको ऋणी समेत हुने भएकोले प्रत्येक आ.व.को पहिलो त्रयमासभित्रै साभारणसभा सम्पन्न गरी लाभाँश प्राप्त गरेमा सो ले कर्जाको व्याज तिर्न सहज हुने धारणा राख्नु भयो ।

वितरणयोग्य सम्पुर्ण रकम शेयरधनीलाई वितरण नगरी रिर्टन अर्निङमा राखिएको भन्दै त्यसो नगरी सम्पुर्ण रकम वितरण गरेको भए त्यसले शेयर बजार, घरजग्गा कारोवार, उपभोग्य सामाग्रीहरुको खरिद बिक्री लगायतको कारोवार बढ्न गई समग्र मुलुकको आर्थिक गतिबिधिमा समेत सकारात्मक प्रभाव पर्ने थियो भन्ने धारणा राख्नु भयो ।

अघिल्लो त्रयमास र सो लगत्तैको अर्को त्रयमासको वित्तीय परिसूचकहरुमा ठुलो अन्तर आउनु गैर-व्यवसायिकता हुने बताउनु भयो ।

कर्जा लिँदा र नविकरण गर्दाको आवश्यक कागजात पटक पटक माग गरिएकोमा गुनासो राख्नु भयो ।

क्रेडिट कार्ड स्तरोन्नति वा सिफ्ट के गरेको ? भन्ने प्रश्न गर्दै क्रेडिट कार्डमा देखिएको समस्या समाधान गर्न अनुरोध गर्नु भयो ।

विभिन्न कम्पनीमा रहेको बैकको शेयर लगानी उचित समयमा बिक्री गरी मुनाफा आर्जन गर्न सुझाव दिनु भयो ।

नगद लाभाँश र रु. ५० अर्ब चुक्ता पूँजी पुर्‍याउने लक्ष्य बीच तादम्यता नरहेको गुनासो गर्नु भयो । निष्कृय कर्जाको अंश वृद्धिप्रति चिन्ता व्यक्त गर्दै ५ प्रतिशत नाघेको अबस्थामा बैंकले जतिसुकै कमाएपनि लाभाँश वितरण गर्न नै नसक्ने अबस्था आउने भएकाले निष्कृया कर्जा घटाउन सुझाव दिनु भयो ।

बैंकको विदेशी मुद्रा आम्दानी राम्रो र दीर्घकालिन व्यवसायिक रणनीति बमोजिमको GIBL Mission 2030 ले लिएका व्यवसायिक उद्देश्य एवम् लक्ष्य प्रसंशायोग्य रहेको बताउनु भयो ।

अन्त्यमा बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ब्यक्त गर्नु भयो ।

२३. **श्री उत्सव श्रेष्ठ**

बैंकका अधिकांश वित्तीय परिसुचकहरु राम्रो भएतापनि शेयरधनीहरुको लाभाँश भने सन्तोषजनक हुन नसकेको र प्रस्तावित लाभाँश समेत सन्तुलित हुन नसकेको धारणा राख्नु भयो ।

अघिल्लो वर्ष अध्यक्षज्यूले दोहोरो अंकको लाभाँश दिने प्रतिवद्धता गरेको भन्दै चालु आ.व.मा सो पुरागर्न अनुरोध गर्नु भयो ।

शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटलसंग बैंकले मर्जर तथा प्राप्ति गरेका संस्थाहरुको विवरण, मर्जर तथा प्राप्ति मिति, शेयर आदान प्रदान अनुपात, मर्जर तथा प्राप्ति गरेका संस्थाहरुको लाभाँश इतिहास जस्ता महत्वपुर्ण विवरणहरु अद्योपान्त नरहेको भन्दै शेयरधनीले सोको विवरण माग गर्दा क्यापिटलका कर्मचारीले समयमा उपलब्ध गराउन नसकेको भयो ।

शेयरधनीहरुलाई वितरण गर्न बाँकी लाभाँश रकम उल्लेख्य बढेकोले यथासम्मभव चाँडो वितरणको व्यवस्था मिलाउन अनुरोध गर्नु भयो ।

नेपाल बैंकर एसोसिएसनको सदस्यता शुल्क र मनोरन्जन शीर्षकको खर्चको बारेमा जिज्ञाषा राख्नु भयो ।

सुचिकृत कम्पनीहरुको शेयर समयमा नै बिक्री गरी मुनाफा आर्जन तथा नेप्से घटेको बेला खरिद गर्न सुझाव दिनु भयो ।

आगामी २० औं वार्षिक साधारण सभामा दोहोरो अंकको लाभांशको प्रतिवद्धताको लागि अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतलाई अनुरोध गर्दै अर्को साल सम्पुर्ण शेयरधनीहरुको मुहारमा कान्ति छाउने अबस्था सिर्जना होस् । धन्यवाद ।

२४. **श्री निरुपमा गुप्ता**

बैक तथा वित्तीय संस्थाहरु राज्यको सम्पत्ति हो । बैकिङ र अन्य व्यवसाय लाई एकै रुपमा लिन नहुने बिचार व्यक्त गर्नु भयो र नेपाल राष्ट्र बैकको प्रत्यक्ष नियमनमा संचालित बैकिङ व्यवसाय पारदर्शी रहेको बताउनु भयो ।

८.०० नगद लाभाँश आजको अबस्थामा सन्तोषजनक रहेको तर विभिन्न वित्तीय परिसुचकहरुको आधारमा मुलुकको नै एक नम्बरको बैक भन्ने दावी लिइरहँदा यति लाभाँश पर्याप्त नभएको बताउनु भयो ।

निष्कृय कर्जा घटाउन, महिला संचालक नियुक्त गर्न, खर्चमा मितव्ययिता र सामाजिक उतरदायित्व अर्न्तगतको खर्च निर्धन र आशक्तको शिक्षामा गर्न सुझाव दिनु भयो ।

चालु आ.व. को पहिलो त्रयमासको उत्साहप्रद वित्तीय विवरण संचालक समिति तथा बैंक व्यवस्थापनको कार्यकुशलताको द्योतकको रुपमा प्रदर्शीत भएको भन्दै निरास हुनुपर्ने कारण नभएको बताउनु भयो ।

आउँदो वर्ष दोहोरा अंकको प्रतिफल सुनिश्चित रहेको भन्दै बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य टुङ्गयाउनु भयो ।

२५. **श्री ऋषिराम गौतम**

अध्यक्षज्यू, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, शेयरधनी लगायत सम्पुर्णलाई यथोचित सम्बोधन ।

शेयरधनीहरुले नै संचालक समिति निर्माण गर्ने भएकोले संचालक समिति शेयरधनीहरुको विश्वासको प्रतिकको रुपमा रहने र आजको शेयरधनी भोली संचालक र आजको संचालक भोली शेयरधनी मात्र हुने भन्दै भुमिका मात्र फरक भएको तर यी दुवै भिन्न भने नभएको विचार राख्नु भयो ।

जोखिम मोलेर बैंक स्थापना गर्ने संस्थापक शेयरधनीहरु नभएको भए हामी सर्वसाधारण शेयरधनी नहुने कटु सत्यलाई नबिर्सन आग्रह गर्दै संस्थापक शेयरधनीहरु, संचालक

समिति तथा बैक व्यवस्थापनको चित्त दुःखाएर सर्वसाधारण शेयरधनीको हित नहुने धारणा व्यक्त गर्नु भयो ।

तथ्य र डाटामा आधारित भई स्वस्थ्य आलोचना गर्न छोडेर मनसायगत किसिमले अर्को लाई होच्याएर आफ्नो कद अग्लो नहुने बिचार राख्नु भयो ।

झण्डै ५ लाख शेयरधनीहरु रहेको संस्था आफैमा एउटा समाज भएको बिचार व्यक्त गर्नु भयो र समाजका सदस्यहरु भेला भएको बेला विविध रचनात्मक सुझावबाट वातावरणलाई रमाईलो बनाउन आग्रह गर्नु भयो ।

बैक तथा वित्तीय संस्थाहरु राज्यको सम्पत्ति हो । बैकिङ कम्पनी र ट्रेडिङ कम्पनीहरु लाई एउटै ढंगले बुझ्न नहुने र मुनाफा समेत नियन्त्रित सीमासम्म मात्र गर्न पाईने भन्दै नेपाल राष्ट्र बैकको प्रत्यक्ष निगरानी, आन्तरिक तथा बाह्य लेखापरीक्षण हुने गरेको बताउनु भयो ।

बैंकको चुक्ता पूँजी पर्याप्त रहेकाले अबको केहि वर्ष बोनस शेयरको सट्टा नगद लाभाँशमा नै जोड दिन सुझाव दिनु भयो । शेयरको मुल्य माग र आपुर्तिमा निर्भर हुने भएकाले जति बोनस शेयर जारी गऱ्यो उत्ति नै शेयरको मुल्य कम हुने गरेको सत्य उजागर गर्नु भयो । र, शेयर कित्ता नै धेरै देखाउने हो भने भइरहेको शेयरलाई नै टुक्रा गर्न सकिने सुझाव दिनु भयो ।

नगद लाभाँशले बजारमा पैसा गई शेयरबजार, घरजग्गा कारोवार, निर्माण सामाग्री, बहुमुल्य धातु, सुन चाँदी जवाहरत, खाद्यान्न, लत्ता कपडा लगायत अन्य उपभोग्य सामाग्रीहरु खरिद बिक्री भई आर्थिक गतिबिधि चलायमान हुने बिचार व्यक्त गर्नु भयो ।

विविधताले भरिपुर्ण समाजका सदस्यहरु (शेयरधनी) सबैको एउटै सोच, बिचार, शैक्षिक योग्यता, ज्ञान नहुने र असल मान्छले धैर्य, संयम र आदरभाव राख्ने भन्दै कतिपय शेयरधनीहरुमा त्यो नपाईको भन्दै निरास नभईकन आफ्नो कर्ममा निरन्तर लाग्न अध्यक्षज्यू सहित सम्पुर्ण संचालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरुलाई ढाडस दिनु भयो ।

२६. **श्री लभराज जोशी**

महाकवि लक्ष्मी प्रसाद देवकोटाको **उडी छुनु चन्द्र एक** भन्ने भनाई अध्यक्षज्यूको हकमा लागु हुने भन्दै निरन्तरको मेहनत, कर्म र भाग्य सबैको साथ पाई सफलता प्राप्त गर्ने, महत्वाकांक्षी उद्योगी एवम् मेहनत, योग्यता र अनुभवले खारिएका प्रमुख कार्यकारी अधिकृत दुवै जना आफ्नो साथी भएको बताउनु भयो ।

बैंकको अधिकांश वित्तीय परिसुचकहरुमा उल्लेखनिय प्रगति भएको छ । धेरै बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा प्राप्तिको व्यवस्थापनमा केहि समय लागेकोले सोचे अनुरुप प्रतिफल प्राप्त हुन नसकेको भएतापनि अब आउँदो वर्षहरु शेयरधनीहरुको लागि सकारात्मक र उत्साहप्रद हुने विश्वास ब्यक्त गर्नु भयो ।

चालु आ.व.२०८२/८३ को पहिलो त्रयमासको बैंकको वित्तीय विवरणले सकारात्मक संकेत दिएको बताउनु भयो ।

आफुपनि जेष्ठ नागरिकको तहमा पुगेको भएतापनि बिहानदेखि नै सभामा उपस्थित भई उत्सुकतापुर्वक बसेको भन्दै बैंकको हित चिताउने, सकारात्मक आलोचना गर्ने, सभाको शुरुदेखि अन्तिमसम्म बसी एजेण्डाहरु परित गर्न सहयोग गर्ने शेयरधनीहरुको मुल्याङ्कन हुन नसकेको दुखेसो गर्नु भयो ।

उल्लासमय रुपमा सभा सम्पन्नताको शुभकामना योग गरौ, स्वस्थ्य रहौं । **जय ग्लोबल आइएमई बैक** । धन्यवाद ।

२७. **श्री सन्दिप अग्रवाल**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । १९ औं वार्षिक साधारणसभा सफलताको शुभकामना । मुलुक र बैंकिङ क्षेत्रको असहज अवस्थामा शेयरधनीहरुलाई प्रदान गरिएको ८.०० नगद लाभाँश राम्रो र अघिल्लो वर्षभन्दा धेरै भएको तथ्य सभामा राख्नु भयो ।

संस्थापक र सर्वसाधारण शेयर बीच विभेदको औचित्यता नरहेको र संस्थापक शेयर पनि सर्वसाधारण शेयर सरह नै नेपाल स्टक एक्सचेञ्ज लि.को दोस्रो बजारबाट खरिद बिक्री हुने गरी प्रकृया सरल र सहज बनाउन सम्बद्ध सबैलाई आग्रह गर्नु भयो ।

जोखिम मोलेर बैंक स्थापना गर्ने संस्थापकहरुको शेयर पछिल्लो अबधिमा बिक्री समेत हुन छाडेको दुखेसो गर्नु भयो ।

मुलुकको सबैभन्दा ठुलो पूँजीगत आधार भएको बैंक हुनुको नाताले सिंगो बैंकिङ प्रणाली लाई प्रभाव पार्ने नीतिगत बिषयहरुमा नेतृत्व र आवश्यक समन्वय गर्न सुझाव भयो ।

कर्जा असुली सिंगो बैंकिङ प्रणालीको समस्या भएको, पूँजी बजारका नियामक निकायको भुमिकामा एकरुपता नभएको, आईपियो लगायतका नियमित काममा समेत खिचातानी रहेको लगायतका कारणहरुले गर्दा मुलुकको पूँजी बजार धरासायी हुँदै गएको धारणा व्यक्त गर्नु भयो ।

अन्त्यमा संचालक समिति, व्यवस्थापन, कर्मचारी लगायत उपस्थित सम्पुर्णलाई धन्यवादसहित आफुले बोलेका नीतिगत बिषयहरुलाई अभिलेख गरी कम्पनी सचिवमार्फत नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरुमा पुर्‍याई दिन आग्रह गर्नुभयो । धन्यवाद ।

२८. **श्री जीवन लाल ब्रजाचार्य**

Shareholders are actual owner of the company भन्ने मान्यतालाई आत्मसाथ गरी सभामा शेयरधनीले बोलेका कुराहरु धैर्यतापुर्वक सुन्न सबैलाई अनुरोध गर्नु भयो । निर्वाचन प्रयोजनको लागि शेयरधनीको मताधिकार धेरथोर हुने तर ब्यक्तिको रुपमा सबै शेयरधनी बराबर हुने बताउनु भयो ।

मुलुक र बैकिङ क्षेत्रको समग्र अबस्था बिश्लेषण गर्दा यस बैकले शेयरधनीहरुलाई प्रदान गरेको ८.०० प्रतिशत नगद कम भन्न नमिल्ने तर भिमकाय आकारको बैंकको पूँजी तथा रिजर्भ क्यापिटल अधिकतम् उपयोग हुन नसकेको बताउनु भयो ।

बैंकको कर्जा बढेकोमा प्रसन्नता व्यक्त गर्दै कर्जाको गुणस्तरमा कुनैपनि सम्झौता नगर्न सुझाव दिनु भयो र बैकले राम्रो कमाइ गरेको तर कमाइको ठुलो अंश प्रोभिजन गरेर कम मुनाफा देखाउनुमा भित्री रहस्य त छैन, आशंका व्यक्त गर्नु भयो ।

धेरथोर गुनासो कहिल्यै नटुंगिने भन्दै वार्षिक प्रतिवेदनमा उल्लेखित उच्च तहका कर्मचारीहरुको विभागिय जिम्मेवारी समेत खुलाउन र बैंकमा रिसर्च एण्ड डेभलपमेण्ट विभाग अनिवार्य रुपमा रहनु पर्ने सुझाव दिनु भयो ।

अन्त्यमा बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

२९. **श्री ईन्द्रकृष्ण श्रेष्ठ**

८.०० प्रतिशत लाभाँश सन्तोषजनक नभएको र स-साना शेयरधनीहरुको लागि नगद लाभाँशको सट्टा बोनस शेयर बढी प्रभावकारी हुने बिचार व्यक्त गर्नु भयो । बैंकको व्यवसायिक वित्तीय अबस्था राम्रो छ तर अझ राम्रोको लागि थप मेहनत गर्नु पर्ने देखिन्छ ।

अन्त्यमा बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना सहित आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

३०. **श्री बिष्णु बराल- प्रतिनिधि, राष्ट्रिय कृषि कम्पनी नेपाल लि.**

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । मञ्चमा आसिन विशिष्ठ व्यक्तित्वहरु, १९ औं वार्षिक साधारणसभा सफलताको शुभकामना । ८.०० नगद लाभाँशको लागि संचालक समिति र बैक व्यवस्थापनलाई धन्यवाद ।

कृषि आफ्नो विषय भएकोले त्यसैमा मात्र केन्द्रित हुने भन्दै कृषि- बैंक तथा वित्तीयसंस्थाहरुको कर्जा लगानीको लागि प्रचुर संम्भावना भएको क्षेत्र भएको बताउनु भयो । बैंकिङ्ग क्षेत्रमा पर्याप्त तरलता हुँदापनि कर्जाको माग नहुनुको मुख्य कारण कृषिक्षेत्र प्राथमिकतामा नपरेकोले हो भन्दै ब्याजदर न्यूनतम् विन्दुमा पुग्दा समेत कर्जाको माग नबढेको बिचार व्यक्त गर्नु भयो ।

ग्रामिण उत्पादकत्व र सामाजिक समावेशीकरणको लागि कृषिको ठुलो योगदान हुने भन्दै भविष्यमा बैंकले कृषि कर्जामा उल्लेख्य लगानी गरी ठोस परिणाम प्राप्त गर्नुपर्ने बताउनु भयो ।

कृषि कर्जालाई केन्द्रित गरी छुट्टै डेस्क स्थापना गरी स्थानिय निकाय र सहकारी संस्थाहरुसंग समन्वय गर्न सुझाव दिनु भयो । कृषि वाली वीमा, ग्रामिण कृषि उत्पादन, ग्रामिण आम्दानी, रोजगारीमा कृषिक्षेत्रको ठुलो महत्व रहेको बिचार व्यक्त गर्नु भयो ।

धन्यवाद ।

**३१. श्री नरसिँह लाल चंखु (लिखित सुझाव)**

बैंकको १९ औं वार्षिक प्रतिवेदन र वित्तिय वासलातको विवरण उत्कृष्ट र जानकारी मुलक छ । बैंकको वित्तीय परिसुचकहरु हेर्दा निरन्तर प्रगति गरेको पाईन्छ ।

शेयरधनीहरुको लागि प्रस्तावित ८.०० प्रतिशत नगद लाभाँश सन्तोषजनक छ, सोको लागि अध्यक्षज्यू, संचालक समिति, उच्च व्यवस्थापन र अन्य सम्पुर्ण कर्मचारीहरु धन्यवादको पात्र हुनुहुन्छ ।

NPA व्यवस्थापन र कर्जाको गुणस्तरमा ध्यान दिन अनुरोध गर्नु भयो र आगामी वर्षमा दुई अंकको प्रतिफल प्राप्त हुने अपेक्षा सहित बैंकको ब्यावसायिक भविष्यको उत्तरोत्तर प्रगतिको शुभकामना ।

साधारण सभामा पेश हुने सम्पुर्ण एजेण्डाहरुमा समर्थन सहित वार्षिक साधारण सभाको सफलताको शुभकामना । धन्यवाद । जय ग्लोबल आइएमई बैक ।

**३२. श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित सुझाव)**

विषम परिस्थितिमा शेयरधनीहरुको ८.०० प्रतिशत नगद लाभाँश स्वागतयोग्य । १९ औं वार्षिक साधारण सभा समयमा नै गरेकोमा अध्यक्षज्यू, संचालक समिति र बैक व्यवस्थापनलाई धन्यवाद ।

आगामी वर्षमा कम्तिमा दुई अंकको प्रतिफल प्राप्त हुने अपेक्षा सहित संचालन खर्च घटाउन र मितव्ययिता अपनाउन, निष्कृय कर्जाको अंश कम गर्दै लैजान सुझाव दिनु भयो ।

बैंक निरन्तर प्रगतिपथमा रहेको छ, नेतृत्वकर्ता अध्यक्षज्यू, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन लगायत सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद । साधारण सभामा पेश हुने सम्पुर्ण एजेण्डाहरुमा समर्थन सहित वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

## १२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

बैंकको १९ औं वार्षिक साधारण सभामा उपस्थित भई व्यवसायिक हितको लागि शेयरधनी महानुभावहरु क्रमश श्री जगन्नाथ आचार्य, श्री उत्तमदत्त पाण्डे, श्री रामचन्द्र पोखरेल-प्रतिनिधि कर्मचारी संचयकोष, श्री भेषराज भण्डारी, श्री ब्यास कुमार शर्मा, श्री सुदिप श्रेष्ठ, श्री शत्रुघन श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री इन्द्र प्रसाद लामिछाने, श्री गोविन्द के.सी, श्री चन्द्र नारायण श्रेष्ठ, श्री भक्ति प्रसाद उप्रेती, श्री उद्धव प्रसाद घिमिरे, श्री गुणराज भट्ट, ई. श्री बैजुनाथ रौनियार, श्री धुवराज न्यौपाने, श्री नुतन ढुंगाना, श्री संजय अधिकारी, श्री तारानाथ लुईटेल, श्री रोज कुमार

श्रेष्ठ, श्री मेजर कुवेर श्रेष्ठ, श्री विरोचन श्रेष्ठ, श्री उत्सव श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री ऋषिराम गौतम, श्री लभराज जोशी, श्री सन्दिप अग्रवाल, श्री जिवन लाल ब्रजाचार्य, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री बिष्णु बराल, प्रतिनिधि राष्ट्रिय कृषि कम्पनी नेपाल लि.सहित ३० जनाले प्रत्यक्ष उपस्थित तथा सहभागी भएर र श्री नरसिंहलाल चखूँ र श्री लक्ष्मण बहादुर श्रेष्ठ समेत २ जना शेयरधनीले लिखित रुपमा दिनु भएको सुझावहरुप्रति धन्यवाद ज्ञापन गर्नु भयो ।

साधारण सभा मुलतः शेयरधनीहरुको सभा हो । सभामा ज-जस्ले बोल्नु भयो, जिज्ञासा राख्नु भयो, प्रश्न गर्नु भयो उहाँहरु मध्ये अधिकाँश शेयरधनी यस सभाबाट यसअघि नै बाहिरिसक्नु भएको भन्दै प्रश्न राख्न जति सजिलो छ, काम गर्न त्यत्तिकै चुनौतिपुर्ण हुने भन्दै प्रश्न राख्नेले जवाफ सुन्ने धैर्यता राख्नु पर्ने बताउनु भयो ।

संचालक समिति बैंकको शेयरधनी, निक्षेपकर्ता एवम् ऋणी समेतको विश्वासको प्रतिक हो भन्दै शेयरधनीलाई दुई अंकको लाभाँशको बिषयमा अघिल्लो साधारण सभामा आफुले बोलेको कुरा नबिर्सिएको र बोले बमोजिम नै दोहोरो अंक (१०.६ प्रतिशत) को लाभाँश आर्जन गरेकोमा ८.०० प्रतिशत नगद लाभाँश वितरण गरी बाँकी रकम रिजर्भमा राखिएको र उक्त रकम शेयरधनीहरुको नै भएको सभालाई जानकारी गराउनु भयो ।

एकाध कर्मचारीहरुको व्यवसायिक आचरण र सेवाको गुणस्तरको बिषयमा शेयरधनी महानुभावहरुले उठाउनु भएको कुरामा संचालक समितिको पुर्ण समर्थन रहेको बताउदै अध्यक्षज्यूले बैंक जति ठुलो बैंक हुन्छ सेवाको गुणस्तरमा पनि उति नै ध्यान दिनुपर्ने हुन्छ अन्यथा नकारात्मक प्रचार पनि सोहि बमोजिम बढ्ने खतरा हुन्छ भन्दै सेवाको गुणस्तर सुधार र कर्मचारीहरुमा दण्ड र पुरस्कारको नीति कडाइको साथ कार्यान्वयन गर्न बैंक व्यवस्थापनलाई निर्देशन दिनु भयो ।

बैंकको पूँजी, निक्षेप संकलन, कर्जा लगानी, रिजर्भ कोष जस्ता महत्वपुर्ण वित्तीय परिसुचकहरु प्रगतिउन्मुख रहेको तर सो अनुरुप शेयरधनीको प्रतिफल नभएको सत्य हो भन्दै प्रतिफलमा बहुआयमिक पक्ष प्रधान हुने गरेको बताउनु भयो ।

निष्कृय कर्जाको अंश घटाउन आवश्यक छ भन्दै चालु आ.व. कर्जा असुलीमा नै केन्द्रित हुन व्यवस्थापनलाई निर्देशन दिनु भयो ।

प्रविधिमा आधारित बैंकिङको बिश्वासनियतामा पर्याप्त ध्यान गएको सभालाई बताउनु भयो । चालु आ.व.को आजको दिन सम्मको वित्तीय स्थिति बिश्लेषण गर्दा बाँकी ७ महिनाभित्र काबूबाहिरको परिस्थिति उत्पन्न नभएमा अर्को वर्ष शेयरधनीहरुलाई दुई अंकको प्रतिफल दिन बैंक प्रयत्नसिल रहेको बताउनु भयो ।

निक्षेपकर्ताको हित संरक्षण पहिलो दायित्व रहेको र संस्थागत सुशासनप्रति संचालक समिति प्रतिवद्ध रहेको जानकारी दिनु भयो । नेपाल राष्ट्र बैक लगायत अन्य नियमनकारी निकायको प्रत्यक्ष नियमन, प्रचलित कानून एवं नेपाल राष्ट्र बैकबाट जारी निर्देशनको अक्षरश पालनाको साथै, आन्तरिक तथा बाह्य लेखापरीक्षण हुने बैंक तथा वित्तीय संस्थाको कारोवार अन्यको तुलनामा पारदर्शी रहेको बताउनु भयो ।

पहिलो त्रयमाससम्म वार्षिक साधारण सभा गरी सक्न शेयरधनीबाट प्राप्त सुझाव विचारणीय रहेको तर सोका लागि समेत विभिन्न प्राविधिक कुराहरु प्रधान हुने गरेको बताउनु भयो ।

साधारण सभाबाट स्वीकृत ८.०० प्रतिशत नगद लाभाँश यस बैकमा खाता हुने शेयरधनीहरुको खातामा आजै नै पठाउने जानकारी गराउनु भयो ।

संस्थापक र सर्वसाधारण शेयर समान हुनुपर्ने र खरिद बिक्री प्रकृया समेत सरल सहज हुनुपर्ने भनी आफुले धेरै अगाडी देखि आवाज उठाउँदै आएको भएतापनि कानून निर्माण तथा नियामक भुमिकामा नभएकोले परिणाम नआएको तर सोका लागि निरन्तर लागि रहने बिश्वास दिलाउँदै शेयरधनीहरुले समेत आ-आफ्नो ठाउँबाट भुमिका खेल्नु पर्ने बताउनु भयो ।

नेपाल बैकर एशोसियशन लगायतको व्यवसायिक संस्थाहरुको सदस्यताको लागि निश्चित शुल्क संसारका जुनसुकै मुलुकमा पनि तिनुपर्ने व्यवस्था रहे बमोजिम नै सदस्यता लिएको बताउनु भयो ।

अन्त्यमा शेयरधनीहरुबाट प्राप्त सुझावको लागि धन्यवाद व्यक्त गर्दै बैंकको राम्रोको लागि कुनैपनि शेयरधनीले भन्दा आफुले कम नसोचेको भन्दै सभामा शेयरधनीले व्यक्त गर्नुभएको चासो सम्बोधन गर्न अधिकतम् प्रयास गर्न सभा मार्फत नै व्यवस्थापनलाई निर्देशन दिनु भयो ।

**१३. सभाको निर्णय :**

**(क) सामान्य प्रस्तावहरु :**

**(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन पारित गर्ने :**

संचालक समितिको तर्फवाट अध्यक्षज्यूले १९ औं वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिवाट पारित गरियो । साथै बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न शिर्षकमा बिभिन्न ब्यक्ति तथा संघ संस्थालाई आ.व. २०८१/८२ मा प्रदान गरेको आर्थिक सहायत/चन्दा समेत जम्मा रु.१०,७३,४७,८१४/- (दश करोड त्रिहत्तर लाख सतचालिस हजार आठ सय चौध मात्र)सभाले स्वीकृति तथा अनुमोदन गऱ्यो ।

**(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण समेत पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

**(३) बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि.,ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्लोबल आइएमई सेक्यूरिटिज लि. समेतको आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) पारित गर्ने :**



Global IME Bank Limited
Corporate Office

बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र ग्लोबल आइएमई सेक्यूरिटिज लि समेतको आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

(४) **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ को मुनाफा समेतबाट चुक्ता पुँजीको ८ प्रतिशत नगद लाभांश (कर सहित) स्वीकृत गर्ने ।**

बैंकको चुक्ता पूँजी रु.**३८,११,५८,५२,६१५।८६** (अडतिस् अर्ब एघार करोड अन्ठाउन्न लाख बाउन्न हजार छ सय पन्ध्र र पैसा छयासी) को ८.०० प्रतिशत (नगद लाभाँशमा लाग्ने कर सहित) अर्थात रु. **३,०४,९२,६८,२०९।२८** (तिन अर्ब चार करोड बयानब्बे लाख अड्सठ्ठी हजार दुइसय नौ र पैसा अठ्ठाइस्) बराबरको नगद लाभांस शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

(५) **कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व. २०८२/८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने :**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/८३ को लेखापरीक्षण कार्यको लागि एस.ए.आर.एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् लाई बैंकको लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक समेत निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव राख्नु भएकोमा सभाले मु.अ.कर वाहेक एकमुष्ठ पारिश्रमिक रु.४१,००,०००।-(एक चालिस लाख) दिने गरी एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् लाई बैंकको लेखापरीक्षकमा नियुक्त गर्न सभाले सर्वसम्मतिबाट स्वीकृति प्रदान गऱ्यो ।

(ख) **विशेष प्रस्ताव :**

१) **बैंकको प्रबन्धपत्र/नियमावलीमा व्यवसायिक उदेश्यहरु थप वा संशोधन गर्ने र सोमा नियमनकारी निकायहरुबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्रमा व्यवसायिक उद्देश्यहरु थप वा संशोधन गर्ने र सोमा नियमनकारी निकायहरुबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गरी र सोही अनुसार प्रबन्धपत्र संसोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्ने गराउने निर्णय भयो ।

**प्रबन्ध पत्रको दफा ४ (ह) (१५) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

प्रचलित कानुन र नियमनकारी निकायको स्वीकृतीमा विदेशमा शाखा कार्यालय/सम्पर्क/प्रतिनिधि कार्यालय लगायत बैंकिङ तथा वित्तीय सेवासंग सम्बन्धित कार्यालय/कम्पनी/सहायक कम्पनी खोल्ने ।

१४. **धन्यबाद ज्ञापन तथा सभा बिसर्जन:**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै शेयरधनीहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा १९ औं वार्षिक साधारण सभा सफलता पूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु, शेयर रजिष्ट्रार, लेखापरीक्षक तथा बैंक संचालन कममा सहयोग गर्ने सवै नियमनकारी निकाय, संचारकर्मी समेत सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै सभा बिसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ..................... | Global IME Bank Limited Corporate Office | ..................... |
| बिष्णु प्रसाद बाँस्कोटा | | चन्द्र प्रसाद ढकाल |
| कम्पनी सचिव | | अध्यक्ष |

मिति : २०८२/०८/१९